नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.............................................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..................................

# प्रेस विज्ञप्ति

मिति २०७४ मंसिर १४ गतेको गोरखापत्र दैनिक र नागरिक दैनिक लगायतका पत्रपत्रिकाहरुमा वैदेशिक व्यापार घाटा कम गर्न सरकारले श्वेतपत्र जारी गर्ने आशयको समाचार प्रकाशन भएकोप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उच्चदरको आर्थिक वृद्धि, नियन्त्रित मुद्रास्फीति, सबल आन्तरिक स्रोत परिचालन, पर्याप्त विदेशी विनिमय सञ्चिति र अनुकूल शोधनान्तर स्थिति लगायत हाम्रो अर्थव्यवस्थाका समष्टिगत् आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन् । उपलब्ध स्रोतको अत्युत्तम परिचालन गर्दै आर्थिक क्रियाकलापहरुमा विस्तार गरी उत्पादन र रोजगारी वृद्धिका माध्यमबाट आर्थिक विकासको गतिलाई तीब्रता दिन र वैदेशिक व्यापार घाटा न्यून गर्न सरकारले विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ ।

समग्र आर्थिक परिसूचकहरु समष्टिगत आर्थिक स्थायित्व हासिल गर्ने तर्फ उन्मुख भइरहेको अवस्थामा यस्तो श्वेतपत्र जारी गर्ने कार्यक्रम नरहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

१४ मंसिर, २०७४

हरिप्रसाद पन्थी
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np